मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८१।०८०
चलानी नं. :- ६६५४

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मितिः २०८०।०३।२१

श्री वडा कार्यालयहरु सबै,
मन्थली, रामेछाप

## सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्वन्धी अत्यन्त जरुरी सूचना ।

सामाजिक सुरक्षा नियमावली दोस्रो संशोधन २०७९ अनुसार आगामी आ ब २०८०।०८१ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने म्याद प्रत्येक आर्थिक वर्षको श्रावण महिना देखि भदौ मसान्तभित्र रहेको हुँदा यस मन्थली नगरपालिकाबाट आ. ब. २०८०।०८१ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न २०८० श्रावण १ देखि ऐ. भाद्र मसान्त भित्र अनिवार्य रुपमा आ-आफ्नो वडा कार्यालयमा गई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुहुन अनुरोध गरिन्छ ।

**नवीकरणका लागि आवश्यक कागजात**

| | |
|---|---|
| ज्येष्ठ नागरिक ६८ वर्ष माथि | ➢ नागरिकताको फोटोकपि, १ प्रति फोटो |
| ज्येष्ठ दलित ६० वर्ष माथि | ➢ नागरिकताको फोटोकपि, १ प्रति फोटो |
| एकल महिला ६० माथि | ➢ नागरिकताको फोटोकपि, पतिको मृत्यु दर्ताको फोटोकपि, १ प्रति फोटो, अविवाहितको हकमा अविवाहित प्रमाणित कागजात |
| विधवा | ➢ नागरिकताको फोटोकपि, पतिको मृत्यु दर्ताको फोटोकपि, १ प्रति फोटो,अर्को विवाह नगरेको प्रमाणित कागजात |
| पूर्ण अपाङ्गता | ➢ नागरिकताको फोटोकपि, नगरपालिकाबाट जारी भएको रातो रङ्गको अपाङ्गता परिचयपत्रको फोटोकपि,१ प्रति फोटो,संरक्षको नागरिकताको फोटोकपि |
| आंशिक अति अशक्त अपाङ्गता | ➢ नागरिकताको फोटोकपि, नगरपालिकाबाट जारी भएको निलो रङ्गको अपाङ्गता परिचयपत्रको फोटोकपि,१ प्रति फोटो |
| बालपोषण (दलित बालबालिका ५ वर्ष मुनिका) | ➢ जन्मदर्ताको फोटोकपि, संरक्षकको नागरिकताको फोटोकपि र बालबालिकाको १ प्रति फोटो |

नोटः

- ➢ बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको संरक्षक वा स्याहारसुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन् ।
- ➢ तोकिएको समयमा (२०८० भदौ मसान्तभित्र) परिचयपत्र नवीकरण नगर्ने लाभग्राहीको नाम सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीबाट स्वतः हट्नेछ । छुट भएको समयावधिको रकम भुक्तानी हुने छैन । तोकिएको समयमा नवीकरण गर्न छुट भई पुनः नयाँ निवेदन दिएमा निवेदन दिएको पछिल्लो महिना देखि मात्र भत्ता प्राप्त गर्न शुरु हुनेछ ।

*पुनश्चः नयाँ लाभग्राहीहरुले वडा कार्यालयमा पेश गरेको सामाजिक सुरक्षा भत्ता नाम दर्ताको निवेदन लगायतका कागजातका प्रतिलिपिहरु यस कार्यालयमा पठाइदिनु हुन समेत अनुरोध छ ।*

३।२१
गोविन्द कुमार कटेल
शाखा अधिकृत
शाखा अधिकृत

Email : ito.manthalimun@gmail.com Website : www.manthalimun.gov.np